# भानु नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## फुङ्गेटार, तनहुँ
## गण्डकी प्रदेश, नेपाल
२०७३

पत्र संख्या :-०७७/०७८

चलानी नं :-१८०

मिति :-२०७७/०४/२३

**विषय : सहजिकरण सम्बन्धमा ।**

श्री नगरपालिका स्थित सम्पूर्ण सामुदायिक विद्यालयहरु
भानु नगरपालिका, तनहुँ ।

प्रस्तुत विषयमा विश्वव्यापि रुपमा फैलिएको कोरोना भाइरस (कोभिड -१९) महामारिका कारण हाल देशै भरका विद्यालयहरु बन्द रहेको सन्दर्भमा नेपाल सरकार शिक्षा विज्ञान तथा प्रविधी मन्त्रालयद्वारा जारी गरिएको **"वैकल्पिक विधिद्वारा विद्यार्थीको सिकाइ सहजिकरण निर्देशिका २०७७"** अनुसार शिक्षा तथा मानव स्रोत विकास केन्द्रद्वारा तयार गरिएका कक्षा १-७ का स्व-अध्ययन सामग्री र भानु नगरपालिका द्वारा तयार गरिएका कक्षा ८, ९ र १० का स्व-अध्ययन अभ्यास सामग्रीहरु नगरपालिका द्वारा छपाई गरि प्रत्यक विद्यार्थीहरुलाई १/1 सेट पुग्नेगरी विद्यालयहरुलाई वितरण गरिएको सर्व विदितै छ । उक्त सामग्रीहरुको प्रयोग सम्बन्धमा तपसिल अनुसार गर्न गराउनुहुन सम्बन्धित सबै विद्यालयहरुलाई अनुरोध छ ।

<u>तपसिल :</u>

१. वितरित सबै सामग्रीहरु कक्षा शिक्षक/ विषय शिक्षकहरुले सर्बप्रथम राम्रो संग अध्ययन गरी सामग्री प्रयोगको बारेमा जानकारी लिने ।

२. कक्षा १-३ सम्मका साना बालवालिकाहरु आँफै स्वतस्फुर्त रुपमा वितरित सामग्रीको अध्ययन/उपयोगमा अग्रसर नहुने हुनाले उक्त कक्षाका सामग्रीहरु अविभावकहरुको सहयोगमा अध्ययन/उपयोग गर्ने किसिमले तयार भएकोले कक्षा १-३ का बालवालिका अविभावकहरुलाई भेटी वितरित सामग्री उपयोग सम्बन्धमा जानकारी गराई दैनिक रुपमा अध्ययन गर्न र तोकिएका क्रियाकलापहरु सञ्चालन गराउन जानकारी गराउने ।

३. कक्षा ४-७ सम्मका सामग्रीहरु विद्यार्थी आफैले स्व-अध्ययन गर्ने प्रकृतिका भएकोले विद्यार्थीहरुलाई सामग्री प्रयोग सम्बन्धमा जानकारी गराउने ।

४. कक्षा ८ देखि १० सम्मका सामग्रीहरु प्रश्नात्मक प्रकृतिको भएकोले प्रत्येक दिनको लागि विषयगत प्रश्नहरुको दैनिक रुपमा हल गर्न लगाउने ।

५ कक्षा ४ देखि १० सम्मका विद्यार्थीहरुका अविभावकहरुलाई पनि अध्ययन/अभ्यास सामग्रीको बारेमा जानकारी गराई आफ्ना बालवालिकाहरुलाई अध्ययनमा लगाउनको लागि पहल गर्न लगाउने ।

डिल्ली रमण भट्टराई
उपसचिव



9856005111Email: info@bhanumun.gov.np/bhanumunicipality@gmail.com Website: www.bhanumun.gov.np

भानु नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
फुसेटार, तनहुँ
गण्डकी प्रदेश, नेपाल
२०७३

पत्र संख्या :-.............

चलानी नं :-...............

मिति :-...............................

६. विद्यालयका शिक्षकहरुले अभिभावक तथा विद्यार्थिहरुलाई भेटी सामग्री अध्ययनको अनुगमन गर्ने, विद्यार्थीले गरेका क्रियकलाप, विद्यार्थीले गरेका गृहकार्य परिक्षण गरी त्यस पछि गर्ने क्रियकलापको बारेमा जानकारी गराउने जस्ता कामहरु निरन्तर गरिरहने ।

७. विभिन्न रेडियोबाट प्रसारण भइरहेको कक्षा ६ देखि १० सम्मका रेडियो पाठ, एफ.एम. रेडियोको पहुँच भएका विद्यार्थीहरुलाई नियमित सुन्नको लागि र विभिन्न टेलिभिजन च्यानलबाट प्रसारण भइरहेका कक्षा १ देखि १० सम्मका श्रव्य दृश्य पाठहरु टेलिभिजनको पहुँच भएका विद्यार्थिहरुलाई हेर्न सुन्नको लागि उत्प्रेरित गरिरहने साथै अविभावकहरुलाई पनि आफ्नो बालबालिकाहरुलाई उक्त कार्यमा सहभागी गराउन प्रोत्साहन गर्ने/गरिरहने ।

८. उल्लेखित स्व-अध्ययन सामग्रीको अध्ययन/अभ्यास रेडियो पाठ र टेलिभिजन पाठहरुको अतिरिक्त विद्यालयको अवस्था अनुसारका अन्य बैकल्पिक शिक्षण विधीको बारेमा छलफल गरी सम्भव भए सम्मका अन्य बैकल्पिक विधिहरुको उपयोग गरी शिक्षण सिकाईलाई सहज बनाउन पहल गर्ने ।

वोधार्थ

सम्पूर्ण अभिभावकहरु भानु नगरपालिका - आफ्ना बालबालिकाहरुलाई स्व अध्ययन सामाग्रीको अध्ययन,रेडियो एफ.एम बाट प्रसारित रेडियो पाठमा सहभागी र टेलिभिजनबाट प्रसारित श्रव्यदृश्य कक्षामा सहभागी गराउन पहल गर्नुहुन ।

२०७७/१/२३

डिल्ली रमण भट्टराई
उप-सचिव